राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
मानव संशाधन विभाग

# इन्टर्नशिप सम्बन्धी सूचना

मिति : २०७५।०९।१५

यस बैंकको सञ्चालक समितिको निर्णयानुसार विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुलाई नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाको सदस्यता प्राप्त गर्ने प्रयोजनार्थ बैंक व्यवस्थापनले तोके बमोजिमको शर्तहरु पालना गर्ने गरी यस बैंकका केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयहरुमा १ वर्षे इन्टर्नशिप (Internship) गराउने निर्णय भएकोले, नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ को दफा २६ को उप दफा (२) तथा नेपाल चार्टर्ड एकाउण्टेन्टस नियमावली, २०६१ को नियम २८ (१) को (ग) समेतका आधारमा विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट निवेदन माग गरिएको छ । उक्त निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र आफुले प्राप्त गरेको चार्टर्ड एकाउण्टेण्ट वा सो सरहको परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई हालसालै खिचिएको २ प्रति पासपोर्ट साईजको फोटो संलग्न गरी यस बैंकको केन्द्रीय कार्यालय, मानव संशाधन विभाग सिंहदरवार प्लाजा काठमाण्डौमा पेश गर्नु पर्नेछ । म्याद नाघी आएको, रित नपुगेको, आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेका तथा शर्त सहितको निवेदन उपर कुनै कारवाही हुने छैन । उपरोक्त सूचनाका सम्बन्धमा थप बुझ्नु परेमा यस बैंकको फोन नं. ०१४२५२५९५ एक्सटेन्सन ३५४९ तथा ३५४८ मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

क) इन्टर्न प्रशिक्षार्थीको छनौट विधि : अन्तर्वार्ता ।

ख) अन्तर्वार्ता हुने स्थान, समय र मिति : पछि प्रकाशित गरिनेछ ।

ग) निवेदन बुझाउने मिति : यो सूचना प्रकाशित मितिले १५ दिन (अर्थात मिति २०७५।०९।२९ गते सम्म) कार्यालय समय भित्र ।

घ) निवेदन स्वीकृत, अस्वीकृत वा सूचना रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

ङ) इन्टर्नशिप अवधि : १ वर्ष ।

च) आवश्यक संख्या : २५ (पच्चिस) ।

छ) इन्टर्न प्रशिक्षार्थीलाई बैंकले तोके बमोजिमको मासिक भत्ता प्रदान गरिनेछ ।

विभागीय प्रमुख
मानव संशाधन विभाग